# फेदीखोला गाउँपालिका

# स्थानीय राजपत्र

## गाउँ कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

❑खण्ड २ ❑संख्या ४ ❑२०७५/०१/१२


गाउँ कार्यपालिकाबाट स्वीकृत : २०७५/०१/०९

प्रमाणिकरण : २०७५/०१/०९

# भाग २

# आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५


**फेदीखोला गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय, स्याङ्जा**

**प्रस्तावना**

मानवीय जिवनमा आईपर्न सक्ने प्राकृतिक तथा गैर प्राकृतिक विपद, न्युन आर्थिक अवस्था, दीर्घरोगी जस्तै मुटु, मृगौला, क्यान्सर लगायतका मानवीय जीवनमा गम्भीर असर पार्ने रोगहरू तथा अप्रत्याशित कारण बाट सृजना भएको विशेष परिस्थितिलाई नियन्त्रण र सम्बोधन गर्न वाञ्छनिय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० अनुसार फेदीखोला गाउकार्यपालिकाको मिति २०७५/०१/०९ गतेको बैठकले यो कार्यविधि स्विकृत गरी लागु गरेको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ

१.१ यस कार्यविधिको नाम "आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७५" रहेको छ।

१.२ यो कार्यविधि गाउकार्यपालिकाबाट स्वीकृत भएको मिति बाट लागु हुनेछ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. कार्यविधि भन्नाले आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ भन्ने बुझ्नुपर्छ।

ख. कोष भन्नाले आकस्मिक कोष भन्ने बुझ्नुपर्छ।

ग. कार्यपालिका भन्नाले गाउकार्यपालिका भन्ने बुझ्नुपर्छ।

घ. अध्यक्ष भन्नाले फेदीखोला गाउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ।

ङ. उपाध्यक्ष भन्नाले फेदीखोला गाउपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ।

च. प्रमुख प्रशासकीय अधिकृत भन्नाले फेदीखोला गाउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ।

छ. सदस्य भन्नाले फेदीखोला गाउपालिकाको निर्वाचित जनप्रतीनिधि सम्झनुपर्दछ।

ज. लेखा प्रमुख भन्नाले फेदीखोला गाउपालिकाको लेखा शाखा प्रमुखलाई सम्झनुपर्दछ।

झ. आकस्मिक कार्य भन्नाले भुकम्प, बाढि, पहिरो, आगलागि, महामारी जस्ता प्राकृतिक तथा गैर प्राकृतिक विपद लगायत मानवीय जिवनमा दीर्घ असर पार्ने प्रकारका मुटु, मृगौला, क्यान्सरजस्ता दीर्घरोगबाट पिडित व्यक्तिहरू तथा न्युन

आर्थिक अवस्था भएका नागरिकहरूका लागि तत्काल गरिने आकस्मिक कार्यलाई बुझ्नुपर्छ ।

**३. कोष स्थापना**

३.१ आकस्मिक कोष संचालन तथा व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ ।

**४. आकस्मिक कोषमा जम्मा गरिएको रकम**

४.१ गाउपालिकाको संचित कोष बाट पहिलो पटक रू अन्य **सामाजिक सहायता** शिर्षकबाट झिकि त्यस्तो रकम आकस्मिक कोषमा जम्मा गरिएको छ ।

## परिच्छेद २
## कोषको अवधारण, लक्ष्य, उद्देश्य

**५. अवधारणा**

गाउपालिका भित्र  हुने सबै प्रकारका प्राकृतिक तथा मानव सृर्जित विपद बाट प्रभावित व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, न्युन आर्थिक स्थिति रहेका दीर्घरोगीहरू लगायत अप्रत्याशीत घटनामा पनि अंग भंग भएकाहरूलाई पहिचान गरि राहत सहयोग पुऱ्याउन कोषको अवधारणा ल्याइएको हो ।

**६. लक्ष्य**

प्राकृतिक तथा मानव सृर्जित विपदको प्रकोपमा परेका व्यक्ति परिवार तथा संघ संस्थालाई तत्काल राहत सहयोग उपलब्ध गराउन, विपन्न दीर्घरोगीहरू, अंग भंग भएकाहरूलाई तत्काल राहत सहयोग पुऱ्याउन र अप्रत्याशीत स्थितिमा गरिने कार्यहरू गरि मानवीय क्षतिमा कमी ल्याउनु नै कोषको लक्ष्य रहेको छ ।

**७. उद्देश्य**

**यस कोषको उद्देश्यहरू निम्नानुसार रहेको छ ।**

७.१ विपद पिडितहरूलाई तत्काल राहत उपलब्ध गराउने ।

७.२ आकस्मिक वा अप्रत्याशित कारण बाट सृजीत अवस्थाको पहिचान गरी पिडीतालाई राहतको अनुभुती दिलाउने ।

७.३ गाउपालिकाको कार्यक्षेत्र भित्र भइ परि आएको विशेष परिस्थितिमा तत्काल आवश्यक देखिएको कार्य गरि क्षति न्युनिकरण गर्ने,

७.४ पिडितहरूलाई तत्काल राहत उपलब्ध गराइ पुनःस्थापना तर्फ उन्मुख गराउने,

७.५ स्थानीय तहमा रहेका अत्यन्त विपन्न दीर्घरोगीहरू, दुर्घटनामा परि अंग भंग हुनेहरूलाई तत्काल राहत उपलब्ध गराउने,

## परिच्छेद ३
## कोषको व्यवस्थापन तथा संचालन सम्बन्धी व्यवस्था

### ८. आकस्मिक कोष सञ्चालन र व्यवस्थापन समीती

८.१ आकस्मिक कोषको सञ्चालन तथा सहयोग रकम सिफारीस गर्नको लागी गाउपालिकामा तपशील बमोजीमको एक समिति रहनेछ । जसमा देहाय बमोजिमका सदस्यहरू रहनेछन ।

| | |
|---|---|
| (क) गाउपालिका अध्यक्ष | संयोजक |
| (ख) गाउपालिका उपाध्यक्ष | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) गाउकार्यपालिकाले तोकेको ३ जना सदस्य | सदस्य |
| (ङ) गाउपालिकाको लेखा प्रमुख | सदस्य |

### ९. समीतिको काम कर्तव्य र अधिकार

**दफा ९.१ बमोजिम गठित समितिको कम कर्तव्य र अधिकार निम्नानुसार रहेको छ ।**

९.१ गाउपालिकाभित्र आइपर्नसक्ने सम्भावित विपद तथा आकस्मिक कार्यका लागि तयारी अवस्थामा बस्ने ।

९.२ सहयोग कार्यका निम्ती रितपुर्वक परेका निवेदनहरू उपर छलफल गर्ने ।

९.३ पिडितको आर्थिक अवस्था, क्षतीको विवरण, स्थलगत निरिक्षण लगायतका यावत पक्षको छानविन गरी सहयोग रकम सिफारिस गर्ने ।

### १०. कोषमा जम्मा भएको रकम निम्नानुसार परिचालन गरिनेछ ।

१०.१ रू १५,००० (पन्ध्र हजार) सम्मको सहयोग रकम समिति संयोजकको एकल निर्णयअनुसार दिन सकिनेछ ।

१०.२ रू ५०,००० (पचास हजार) सम्मको सहयोग रकम आकस्मीक कोष सञ्चालनतथा व्यवस्थापन समितिको निर्णयअनुसार दिइनेछ ।

१०.३ रू ५०,००० (पचास हजार) भन्दा माथिको हकमा गाउकार्यपालिकाको निर्णयअनुसार दिइनेछ ।

१०.४ आकस्मिक कार्यबाहेक अन्य प्रयोजनका लागि यस कोषबाट रकम खर्च गर्न सकिनेछैन ।

## परिच्छेद ४
## कोषको आर्थिक तथा प्रशासनिक व्यवस्था

### ११. कोषमा जम्मा हुने रकम

कोषमा देहाय बमोजिमका रकमहरू रहने छन ।ः

१) गाउसभा र गाउकार्यपालिकाबाट आकस्मिक कोषका लागि वार्षिक रूपमा विनियोजन हुने रकम,

२) दातृ निकाय, गैर सरकारी संस्था, संघिय सरकार, प्रदेश सरकार, अन्य स्रोतहरूबाट  प्राप्त हुने रकम ,

### १२. कोषको आर्थिक व्यवस्थापन

कोषको आर्थिक व्यवस्थापन स्थानीय तहको आर्थिक प्रशासन नियमावली र अन्य प्रचलित आर्थीक नियमावलीबमोजिम हुनेछ ।

### १३. प्रशासनिक व्यवस्था

कोषको प्रशासनिक व्यवस्थापन प्रमुख प्रशासकीय अधिकृतको नियन्त्रण र निर्देशनमा रहने गरी गाउकार्यपालिकाको कर्मचारीबाट हुनेछ ।

**आज्ञाले**
**भिष्मराज अर्याल**
**प्रमुख प्रशासकीय अधिकृत**